# ७ सब्बाथ अर्थात पवित्र विश्रामबारको प्रभु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* उत्पत्ति २:१-३, प्रस्थान २०:८-१२, व्यवस्था ५:१२-१५, मत्ती १२:१-१३, यूहन्ना ९, यूहन्ना १९:३०।
*<u>स्मरण गर्नु पर्ने पद:</u>* "'मानिसको हितको निम्ति सब्बथ दिन बनाइएको हो। सब्बथ दिनको निम्ति मानिसलाई सृष्टि गरिएको होइन। त्यसकारण मानिसको पुत्र सब्बथ दिनको पनि प्रभु हो।'" (मर्कूस २:२७,२८ रूपान्तरित)।
*<u>मूल बिचार:</u>* सातौं दिनमा आउने सब्बथको दिनले येशूलाई औंल्याउँदछ, जो हाम्रा सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ।

"आदिमा वचन थियो। त्यो वचन परमेश्वरसँग थियो। त्यो वचन परमेश्वर नै थियो। त्यस वचनरूपी परमेश्वर, सुरूदेखि परमेश्वरसँग नै थियो। सबै थोक उहाँबाट नै सृष्टि भएको थियो। उहाँबिना कुनै पनि थोक सृष्टि भएको थिएन। जीवन उहाँसँगै थियो। त्यस जीवन नै सम्पूर्ण मानव जातिको निम्ति आत्मिक ज्योति थियो। अन्धकारबाट ज्योति चम्कन्छ। तर ज्योतिलाई बुझ्न अन्धकारको क्षमता छैन। परमेश्वरबाट एक जना मानिस पठाइएको थियो। उनको नाउँ यूहन्ना थियो। ज्योतिको गवाहि दिन उनी आएका थिए। सबै मानिसले त्यस ज्योतिलाई बिश्वास गरून् भनेर त्यस ज्योतिको साछि बक्दै उनी आए। तर यूहन्ना आफैचाहिँ त्यस गरिमामय ज्योति थिएन। उनी केवल ज्योतिको गवाहि दिनमात्र आएका थिए। यस संसारमा जन्मिने प्रत्येक व्यक्तिलाई गरिमामय सत्य ज्योतिले ज्योति दिँदछन्। आफैले सृष्टि गर्नुभएको संसारमा वचन देहधारी भएर आउनुभएको थियो। तर संसारले उहाँलाई चिन्न सकेन। आफ्नै मानिसहरूकहाँ उहाँ आउनुभयो। तर आफ्नै जनहरूले उहाँलाई स्विकार गरेनन्। कसै कसैले त विश्वास गरे। उहाँको नाउँलाई उनीहरूले विश्वास गरे। उहाँलाई विश्वास गर्नेहरूलाई उहाँले परमेश्वरका छोराछोरी हुने हक दिनुभयो। परमेश्वरको बालक हुनु भनेको, यथार्थमा, मानव आमाबाबुसँग सरोकार

छैन। मानिसको निर्णयले वा कुनै पुरुषको इच्छाले परमेश्वरको कुनै पनि छोराछोरी जन्मिँदैन। परमेश्वरले जे गर्नु हुन्छ त्यसैको परिणामले तिनीहरू उहाँका छोराछोरी हुने अवसर पाएको हुन्छ।" (यूहन्ना १:१-१३ रूपान्तरित)।

उपरोक्त पदहरू अत्यन्त उल्लेखनीय छ। येशूले सबै थोक सृष्टि गर्नु भयो र जसले उहाँलाई विश्वास गर्दछ त्यसलाई मुक्ति दिन उहाँ नै हुनुहुन्छ भनेर ती पदहरूले औँल्याउँछन्। यसको मूल अर्थचाहिँ यो हो, ती पदहरूले स्पष्ट रूपमा ख्रीष्ट येशूलाई सृष्टिकर्ता र मुक्तिदाता भनेर देखाउँदछन्। येशूले गर्नु भएको ती दुवै महत्त्वपूर्ण कामलाई सब्बथ आज्ञामा समावेश गरिएका छन् भनेर बाइबलले देखाउँदछन्।

## १. उत्पत्तिको पुस्तकमा सब्बथ अर्थात् बिश्रामबार (उत्पत्ति २:१-३)

बाइबलमा धेरै दरो सत्यहरू छन्। अदनको बँगैचा परमेश्वरले उत्तम पृथ्वी सृष्टि गर्नुभएको थियो भन्ने बाइबलमा लेखिएको बृतान्त पनि अत्यन्त दरो सत्य हो। अनि परमेश्वरले  छ दिन लगाएर संसार सृष्टि गर्नुभएपछि सातौं दिनलाई अरू दिनभन्दा अलग राख्नुभयो त्यसलाई पवित्र पार्नु भयो। अरू दिनहरू भन्दा यस दिनलाई उहाँले चोखो बनाउनुभएको थियो। सब्बथ दिनको मौलिक सत्य सीनैको पहाडबाट सुरू भएको नभएर सृष्टिकै हप्तामा भएको थियो। (त्यस बेला न त इस्रायली राज्य नै थियो, न यहूदी धर्म वा जात नै थियो)। कतिसमय पहिले सब्बथ दिइएको थियो भन्ने कुरालाई संसारको इतिहासले पनि सृष्टि भन्दा पहिले जान सक्दैन। बाइबलका सत्यहरूका जग अत्यन्त बलिया छन्। ती जगहरूमा सब्वथको सिद्धान्त पनि अत्यन्त मजबुत जग हो। सब्बथको बारेमा अध्ययन गर्नु भनेकै बाइबलका अरू मूल सिद्धान्तहरूमा एक प्रमूख सिद्धान्तको अध्ययन हो।

जब परमेश्वरले सब्बथ सृजनु भयो तब चारवटा काम उहाँले सम्पन्न गर्नुभयो। ती के हुन् त? हेर्नुहोस् उत्पत्ति २:१-३।

जब परमेश्वरले सब्बथलाई बनाउनुभयो तब उहाँले यी चारवटा काम गर्नुभयोः उहाँले सातौं दिनलाई बनाउनु भयो, त्यस दिन उहाँले बिश्राम लिनु भयो, त्यसलाई आशिष दिनुभयो र त्यसलाई पवित्र अर्थात् चोखो पार्नुभयो। यसको अर्थ परमेश्वरले सातौं दिनलाई पवित्र

बनाउनुभयो  अर्थात् विशेष पवित्रकामको निम्ति अलग गर्नुभयो। यो पनि चासोको विषय हो, परमेश्वर आफै त्यस सातौं दिनमा बिश्राम लिनुभयो। परमेश्वर आफैले त्यस दिनलाई मान्नु भएको थियो भनेर देखाउँदछ। परमेश्वर आफै बिश्राम लिनु भयो रे!

अघिल्लो दिनमा (उत्पत्ति १:२२,२३) परमेश्वरले जन्तु र मानिसलाई आशिष दिनुभएको जस्तै सातौं दिनलाई पनि आशिष दिनुभयो भनेर उत्पत्ति २:३मा वाख्या गरिएको छ। दश आज्ञाहरूमा चौथो आज्ञा सब्बथलाई परमेश्वरले आशिष दिनुभएको छ भनेर उल्लेख गरिएको छ। साप्ताहिक सब्बथसँग सृष्टिको सब्बथ निरन्तरतासँग जोडिएको यो प्रमाण हो।

"सातौं दिन" भनेर उत्पत्ति २:१-३मा कतिपल्ट उल्लेख गरिएको छ हेर्नुहोस्? यसको अर्थ के हो?

त्यस बिशेष दिनलाई तिन पल्ट ती पदहरूमा उल्लेख गरिका छन्। सातौं दिनको सब्बथ कत्तिको महत्त्वपूर्ण रहेछ भनेर त्यसले देखाउँदछ। हप्ताको बाँकी दिनहरूमा सातौं दिन बिशेष गरेर छुट्याइएको छ। हप्ताको पहिलो दिन र अरू कुनै दिन परमेश्वरले विशेष वा आशिषित दिन बनाउनु भएको छैन भनेर हामीले सधैं सम्झनु पर्दछ। सातौं दिनलाई मात्र बिशेष रूपमा परमेश्वरले आशिष दिनुभएको छ। अरू दिनलाई अलग गरेर आशिष दिइएको छैन।

सातौं दिनको सब्बथ सृष्टि गर्नुभएपछि परमेश्वरले आफ्नो सृष्टिको काम सम्पन्न गर्नुहुन्छ। सात दिनहरू मिलाएर परमेश्वरले एक हप्ता बनाउनुहुन्छ। बाइबलको इतिहासमा सब्बथ दिनको बिश्रामलाई आदरपूर्वक मानिएको पाउँछौं। हप्ता दिन सृष्टि गर्नु भएर परमेश्वरले समय र अन्तराल (space)माथि आफ्नो प्रभुत्व रहेको देखाउनु भएको छ। हामी मध्ये कसैले पनि घन्टा, मिनेट र समयलाई बसमा राख्न सक्दैनौं। जे भएतापनि समय बितिरहन्छ। त्यसकारण यस संसारमा हामीलाई परमेश्वरले दिनुभएको समयमा उहाँमाथि भरोसा राखेर हिँड्नुपर्छ भन्ने कुरालाई हरदम ख्याल गर्नु जरूरी छ।

समय बितिरहेको कुरालाई सोच्नुहोस्। पलख पलख, दिनदिनै, वर्षबर्षमा यसले हामीलाई बढारिरहेको हुन्छ। समयलाई हामीले नियन्त्रण गर्न सक्दैनौं। तर केहि हदसम्म अलिकति भएपनि हामीले

नियन्त्रण गर्न सक्छौं, त्यो हो समयलाई हामीले के गर्ने। तपाईंले पाउनु भएको समयलाई कसरी उपयोग गरिरहनुभएको छ? के ले तपाईंको समय लिइरहेको छ? अलिकति भएपनि भएको समयलाई तपाईंले कसरी उपलव्धीमूलक बनाएर चल्न सक्नुहुन्छ?

## २. प्रस्थानमा सब्बथ (प्रस्थान २०:८-११)

प्रस्थान २०:८-११मा परमेश्वरले हामीलाई के निर्देशन दिनुभएको छ? त्यो निर्देशन के कारणले दिइएको हो?

घरका मूलदेखि लिएर सारा परिवार, नोकरचाकर, खेतालाहरूलाई बिश्राम लिन निर्देशन दिइएको छ। चाहे धनी होस्, चाहे गरिब होस्, सब्बथ सबैको निम्ति हो। यो समानुपातिक सब्बथले सबै समान छ भनेर देखाउँदछ। मानिसको अगाडि सबै मानव जात बराबर छन्। धनी गरिब, मजदूर मालिक, स्त्री पुरूष, देशीबिदेशी, शासक र प्रजा सबै एकै हुन् भन्ने प्रमाण विशेष रूपमा सब्बथले सिकाउँदछ। (सब्बथ सत्यलाई नकार्नु भनेकै मानिस जातलाई असमानमा उभ्याउनु हो)। यदि कोहि मानिस परमेश्वरको अगाडि कत्तिको समान छ भन्ने धारणा सत्य रूपमा बुझ्न चाहन्छ भने सब्बथलाई औंल्याउनुपर्दछ।

फेरि उक्त आज्ञालाई स्पष्ट रूपमा यसरी वाख्या गरिएकोछः

क. बिषयप्रवेशः "सब्बथ दिनलाई याद गर्नु। यसलाई पवित्र राख्नु।" (पद ८ रूपान्तरित)

ख. आदेशः “छ दिनसम्म परिश्रम गर्नु। तिम्रा सबै कामहरू ती दिनहरूमा गर्नु (पद ९ रूपमान्तरित)।

ग. कारणः “सातौं दिन तिम्रो प्रभु परमेश्वरको सब्बथ दिन हो।" (पद १० रूपान्तरित)।

ख१. आदेशः “सातौं दिनमा तिमीले कुनै काम नगर्नुः न तिमी, न तिम्रा छोराछोरी न त कमाराकमारी....(पद १० दोश्रो अंश रूपान्तरित)

ग१. कारणः “किनभने परमेश्वरले छ दिन लगाएर स्वर्ग र पृथ्वी साथै समुद्र...सृष्टि गर्नुभयो।" (पद ११ पहिलो अंश रूपान्तरित)।

घ. निश्कर्षमाः “त्यसकारण परमेश्वरले सब्बथ दिनलाई आशिष दिनुभयो र त्यसलाई पवित्र अर्थात् चोखो बनाउनुभयो।" (पद ११ दोश्रो अंश रूपान्तरित)

अ. सब्बथको महत्त्वपूर्ण सुत्र यस आज्ञाको सुरूकै वाक्यमा दिइएकोछ।

आ. भिखारी जीवन होइन काम गरेर जीवन बिताउ भनेर कामको बारेमा सबैलाई सकारात्मक आदेश यस आज्ञामा दिइएकोछ।

ख१.मा सारा परिवार, पाहुना र पशुलाई पनि कुनै काम नगर्नु भनेर आदेश जोडिएकोछ।

ग. र ग१.मा सब्बथ दिन किन पालन गर्नुपर्छ भनेर व्याख्या दिइएकोछ।

ग.मा मानिसहरूलाई सात दिनको समयको चक्रलाई औँल्याइएको छ। छ दिनको समय हाम्रो कामको निम्ति दिइएको छ भने सातौं दिनचाहिँ परमेश्वरको लागि सब्बथ दिन भनेर औँल्याइएको छ।

ग१.ले “किनकि" वा “किनभने" भन्ने शव्द सुरूमा राखेर औपचारिकरूपमा सब्बथ दिन बिश्रामको निम्ति हो भनेर जनाइएको छ। छ दिनसम्म परमेश्वरले के के काम गर्नुभयो र सातौं दिनमा बिश्राम लिनुभयो भन्ने बिस्तारित तवरले सूची तयार गरिएकोछ। यसले हप्ताको प्रथम् सातौं दिनलाई बिश्रामको दिन हो भनेर सृष्टिकै समयमा स्थापना गरिएको थियो भन्ने सबूद प्रमाण चौथो आज्ञाले दिएको पाउँछौं। घ.मा “किनभने" शव्द वाक्यको सुरूमा राखिएर सब्बथ आज्ञाको निष्कर्षमा पुऱ्याइएको छ। त्यस आज्ञामा “पवित्र बनाउनु भयो" भन्ने अन्तिम् शव्दहरू क.को सुरूको वाक्य “पवित्र राख्नु"सँग मिलेको छ। दुबै शव्दहरूले परमेश्वरले सब्बथलाई पवित्र अर्थात् चोखो बनाउनुभएको हो भन्ने उहाँको आदेशसँग उत्पत्ति २:३ ठ्याक्कै मिल्न आउँदछ।

## ३. व्यवस्थाको पुस्तकमा सब्बथ (व्यवस्था ५:१२-१५)

सब्बथको आज्ञा परमेश्वरले ढुँगाको पाटीमा कुँदेर मोसालाई दिनुभएको हो भनेर प्रस्थानको पुस्तकमा लेखिएको छ। यो तथ्य सबै सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई थाहा भएकै कुरा हो। फेरि त्यहि आज्ञा

अरू आज्ञासहित व्यवस्थाको पुस्तकमा पनि दोहोऱ्याएर दिनुभएको कुरालाई याद गर्नुपर्दछ। रोचक कुरा त के छ भने परमेश्वरले दिनुभएका आदेशहरू एकै खालका देखिन्छन्। तर भाषाचाहिँ केहि हदमा फरक छन्। सब्बथ किन पालन गर्नुपर्छ भन्ने अर्को कारण व्यवस्थाको पुस्तकमा दिइएको छ जुन प्रस्थानको पुस्तकमा छैन।

व्यवस्था ५:१२-१५सँग प्रस्थान् २०:८-११ दाँज्नुहोस्। सब्बथका कुन आदेशहरू समान छन्? कुन् आदेशहरू फरक छन्? ती फरक आदेशहरू किन महत्त्वपूर्ण छन्?

झट्ट हेर्दा दुवै पुस्तकमा लेखिएका सब्बथ आज्ञाहरू केहि फरक भएको देखिन्दैन। तर व्यवस्थामा एउटा नयाँ कुरा जोडिएको छ। दुवै पुस्तकमा रहेका सब्बथ पालनको निर्देशनमा घरका कामदारहरूले बिश्राम लिनुपर्छ भनेर उल्लेख गरिएका छन्। तर व्यवस्थाको पुस्तकमा कडा शव्द प्रयोग गरेर त्यस निर्देशनलाई औंल्याइएको छ। व्यवस्थाको पुस्तकमा परमेश्वरका जनहरूले सब्बथलाई यसकारण पालन गर्नुपर्छ कि, "तिम्रा पुरुष कामदार र महिला कामदारहरूले बिश्राम पाउन्, जसरी तिमीले पाउँछौं" (व्यवस्था ५:१४ रूपान्तरित)। अघिल्लो बुँदामा छलफल गरेको कुरा हामी यहाँ पाउँछौं: कसरी सब्बथले मालिक र कामदारहरूलाई एकै थलोमा समानरूपमा ल्याउँदछ। परमेश्वरले मजदूर वर्ग र मालिक वर्गलाई एकै थाउँमा सब्बथको निर्देशनद्वारा राख्नुभएको छ। बराबरी रूपमा दुवैले त्यहि दिनमा बिश्राम लिनु पर्दछ। मालिकले बेसी काम गराएर मजदूर वा कामदारहरूलाई जोताउनेबाट सब्बथको आज्ञाले केहि हदसम्म सुरक्षित राखेको पाइन्छ। फेरि सीनैको पहाडमा मजदूरवर्गको हितको व्यवस्था सृष्टिको सुरूमा दिएको निर्देशनमा आधारित थियो। (अचम्मको कुरो फेरि के छ भने मालिक र कामदार अर्थात् मजदूर वर्गको अस्तित्वलाई परमेश्वरले अश्विकार गरेको पाइन्दैन, तर परमेश्वरको अगाडि तिनीहरू बराबर छन् भन्ने भावना दिलाएर तिनीहरूको मूल स्वामी उहाँनै हुनुहुन्छ भनेर पनि सब्बथ आज्ञाले सिकाएको पाइन्छ। यस आज्ञालाई आत्मसात् गर्नेले ती दुई थरिले नै उनीहरूको जीवनमा परमेश्वरको सहभागिताप्रति सजगता देखाउँदछ-अनुवादकको व्यक्तिगत धारणा)।

फेरि अर्को अत्यन्त चासोको बिषय त्यस आज्ञाले उठाएको पाउँछौं। जब सृष्टिको सुरूमा प्रथम् सब्बथ दिइयो त्यसबेला सब्बथले शिद्ध सृष्टिलाई सम्झाउँछ। त्यसबेला यस संसारमा पापको प्रवेश भएको थिएन। उत्पत्ति २:३मा उल्लेख गरिएको सब्बथ आज्ञामा पुरुषकामदार वा महिलाकामदारसँग सरोकारै थिएन, न त मीश्रदेशमा दास हुने कुरो नै उल्लेख गरिएको छ। सब्बथमा जुन नयाँ निर्देशन थपिएको छ त्यो चाहिँ पाप यस संसारमा प्रवेश भएपछि को कुरो थियो। यसको अर्थ सब्बथ आज्ञामा जुन थपिएको थियो त्यो सृष्टिको सुरूमा थिएन।

त्यसकारण, सब्बथ सृष्टको प्रतिक वा चिन्ह हो। पापपछि सब्बथ दुवै सृष्टि र मुक्तिका प्रतिक भएर धरोहरको रूपमा खडा भएको पाउँछौं। मुक्ति पाउनु भनेकै पुनर्जीवन वा नयाँ सृष्टि हुनु हो (२ कोरन्थी ५:१७, गलाती ६:१५, प्रकाश २१:१) बाइबलमा सृष्टि र मुक्तिको घनिष्टतालाई देखाइएको छ। सृष्टिकर्ता परमेश्वरमात्रै मुक्तिको परमेश्वर हुनसक्नुहुन्छ। अनि ती दुवैको संयोजन येशूमा भएको पाउँछौं (यूहन्ना १:१-१४ पढ्नुहोस्)। दुबै प्रस्थान र व्यवस्थाको पुस्तकले हामीलाई यो बताउँछन्, सातौं दिन सब्बथ हाम्रा सृष्टिकर्ता र मुक्तिदाताको कामको चिन्ह वा प्रतिक हो।

कुन दासत्वबाट तपाईंलाई ख्रीष्टले उद्धार गर्नुहुन्छ भन्ने प्रतिज्ञालाई मनन गर्नुहोस्। येशूमा तपाईंलाई केबाट स्वतन्त्रता हुने बाचा पाउनुभएको छ? येशूले दिनुभएका ती प्रतिज्ञाहरूलाई तपाईंले आफ्नो जीवनमा कसरी दावी गर्न सिक्नुहुन्छ? त्यसलाई तपाईंले यस जीवनमा नै यथार्थता कसरी दिन सक्नुहुन्छ?

## ४. येशू र उहाँको सब्बथः भाग १ (मत्ती १२:१-१३)

जब येशू यस संसारमा हुनुहुन्थ्यो तब उहाँले सब्बथको गरिमामय शिद्धान्तलाई पन्छाउनु भयो र उहाँले मानिसहरूबाट टाडा राख्नुभयो भनेर पुष्टि पार्न अनगिन्तियौं किताबहरू लेखिएकाछन् र लेखि पनि रहेकाछन्। येशूको पुनरुत्थानको दिन आइतबारलाई मान्नु पर्छ वा ख्रीष्टलाई बिश्वास गर्दा बिश्राम पाइहाल्छ नी, किन कुनै दिनको सरोकार छ र भनेर तिनीहरूले दावी गर्दछन्। येशूमा पाउने बिश्राम नै सब्बथको बिश्राम हो वा येशू क्रुसमा मर्नुभएपछि सब्बथसहितको दश

आज्ञाको औचित्य समाप्त भयो भनेर वकालत गर्नेहरूमा बढे बढे इसाई विद्वानहरू पनि नभएको होइन।

तर येशू र सब्बथको बारेमा ती तर्कहरू ठिक छन् भनेर सुसमाचारको कुनै पनि पुस्तकहरूमा दिएको पाउँदैनौं। ती सुसमाचारका पुस्तकहरूले हामीलाई त्यस्तो खालको निर्णय गर्ने अधिकार दिएको छ भनेर हामी भेट्टाउँदैनौं। सब्बथको औचित्यलाई समाप्त गर्ने त्यस्ता पुस्तकहरूको आवश्यकता किन भयो भन्दा इसाईहरूले नै सातौं दिनको सब्बथलाई अश्विकार गर्न हो। ख्रीष्टले सब्बथमा बिरामीहरूलाई निको पार्नुभएकोले नै सब्बथ आज्ञाको औचित्य समाप्त भयो भनेर ती लेखकहरूले दावी गर्दछन्।

ती तर्कहरू के मनासिव छन् त? यदि सब्बथमा येशूले के गर्नुभयो भन्ने कुरालाई हामीले ध्यान दिएर पढ्यौं भने उहाँले सब्बथलाई निकम्मा तुल्याउनुभयो भन्ने धारणा सरासर गलत हो भनेर हामी भेट्टाउँछौं।

**मत्ती १२:१-१३मा येशूले सब्बथको दिनमा निको पार्नुभएको विवरणलाई बढो ध्यान दिएर पढ्नुहोस्। जब तपाईं पढ्नुहुन्छ, तब आफैलाई सोध्नुहोस्: त्यस चँगाईको पृष्ठभूमि के थियो? त्यहि दिनमा येशूले किन मानिसलाई निको पार्नुभयो? येशूले के कुरा स्पष्ट रूपमा औंल्याइरहनुभएको थियो?**

त्यस घट्नालाई बुझाउने शायद अत्यन्त महत्त्वपूर्ण पदचाहिँ पद ७ हुनसक्दछ। येशूले प्रतक्ष्य रूपमा गरेर देखाउनुभएको अर्तीकथाको सार यो हो: मानिसको मूल्य ठूलो छ, दया, माया, करूणा, अरूलाई गर्नुपर्ने प्रेम येशूको निम्ति सर्वोपरि छ। अरू दिनहरूमा हामी आआफ्नै काममा व्यस्त हुन्छौं। आवश्यक परेकोलाई माया, करूणा र दया देखाउन सब्बथले अवसर प्रदान गर्छ भन्ने त्यस घट्नाको सन्देश हो। तर यहूदी धर्ममा सब्बथको बारेमा मानिसले बनाएका यस्ता नितिकुतिहरू समावेश भएकि सब्बथ आनन्दको समयभन्दा बोझको समय हुन गएको थियो। (मानिस भन्दा धर्म ठूलो भनेर यहूदीहरू अतिवादीमा परिणत भएका थिए, जसले गर्दा मानिसको हितलाई दिनुभएको परमेश्वरको बरदान अभिशापको रूपमा खडा हुन गएको थियो-अनुबादकको टिप्पणी)। ती रितिथिति र नियमले गर्दा परमेश्वर र

मानिसलाई प्रेम गरेको देखाउने लक्ष्य बोकेको सब्बथ मानिसहरूको निम्ति भारी हुनपुगेको थियो। प्रेमबाट नै व्यवस्था पूरा हुन्छ भनेर बाइबलले भन्दछ। कुनै पनि व्यवस्था जसले प्रेमलाई हटाउँछ त्यो व्यवस्था हटाउनुपर्दछ। यहूदीहरूमा सब्बथको व्यवस्था त्यो व्यवस्था हुन पुग्यो जसमा प्रेम, दया माया करूणाले स्थान पाएको थिएन। यस्तो खालको निति लिएर धर्म अङ्गाल्नु भनेको अतिवादी वा रुढिवादी हुनु हो। सब्बथमा येशूले बिरामीलाई निको पार्नुहुन्दा उहाँले रुढिबादीसँग संघर्ष गरिरहनुभएको थियो।

धर्मको नाउँमा यहूदीहरू कत्तिको कठोर भएका थिए भन्ने ज्वलन्त उदाहरण यूहन्ना ९मा पाउँछौं। एक जना मानिस जन्मैदेखि अन्धा थिए। येशूले त्यसलाई निको पार्नुहुन्द यहूदीहरू धर्मान्ध भएका थिए। यूहन्ना ९:१६ सोचेर पढ्नुहोस्। प्रेम बिनाको धर्म वा व्यवस्था के हो र?

मत्ती १२:१३ र युहन्ना ९:६ येशूले सब्बथ दिनमा निको पार्नुको अर्थ मानिसहरूको नजरलाई सातौं दिनको सब्बथबाट हटाइने उहाँको मनशाय हो भने, यसलाई अनौंठो नै मान्नु पर्दछ। (येशूले मानिसक रोगलाई हटाउनुभएको हो कि सब्बथलाई हटाउनुभएको? सोच्नुहोस्-अनुवादकको जिज्ञासा)।

प्रेम, दया, माया, शहिष्णुताबिना मानिसले कसरी दश आज्ञाको गरिमलाई पालन गर्न सक्छन्? अथबा के गरिरहेको देख्नुभएको छ? के यसमा पनि तपाईं दोषी हुनुभएको छ?

## ५. येशू र सब्बथः भाग २ (यूहन्ना १९:३०)

विश्रामबार अर्थात् सब्बथमा गर्नुभएको आश्चर्यकामहरूद्वारा येशूले सब्बथको यथार्थ अर्थ खुलाउनुभएको थियो। यो दिन स्वस्थ र परमेश्वरसँग सम्वन्ध राख्ने दिन हो। फेरि परमेश्वरको सृष्टि गर्ने शक्तिलाई मानिसहरूले सम्झुन् भनेर सब्बथको योजना येशूले बनाउनुभएको थियो। मानिसहरूलाई स्वतन्त्र बनाउन येशूले सब्बथ दिनुभएको थियो (लूका ४:३१-२७)। रोगको वन्धनमा परेको लङ्गडालाई सब्बथमा निको पारेर हिंडाउनुभएको थियो (लूका

१३:१०-१७, यूहन्ना ५:१-९)। अन्धालाई पनि यहि दिनमा आँखा खोलेर हेर्नसक्ने बनाउनुभएको थियो (यूहन्ना ९)।

येशूको निम्ति सब्बथ भनेको नितिनियम भन्दा मानिसको मतलब थियो। त्यसैकारण सब्बथको बारेमा उहाँले अत्यन्त लोकप्रिय उदगार व्यक्त गर्नुभएको थियो, "मानवहितको निम्ति सब्बथ बनाइएको हो, सब्बथको निम्ति मानिस सृष्टि भएको होइन" (मर्कूस २:२७,२८ रूपान्तरित)। फेरि यस अध्यायको सुरूमा यो पनि हेऱ्यौं, यदि मानिसहरूले परमेश्वरले दिनुभएको निर्देशन अर्थात् दश आज्ञाहरू ठिकसँग पालन गरे भने खराबबाट तिनीहरू सुरक्षित हुनसक्दछन्।

**संसारमा हुँदा सब्बथमा बिश्राम लिनुभएर त्यसको गरिमामयलाई येशूले पुनःस्थापना गर्नुभएको थियो। मृत्युमा पनि सब्बथ दिनमा उहाँले बिश्राम लिनुभएको थियो (मत्ती २७:५७-२८:१, मर्कूस १५:४२-१६:१, लूका २३:५२-२४:१ र यूहन्ना १९:२०-१ पढ्नुहोस्)। एउटै कुरामा सुसमाचारका चारैजना लेखकहरू सहमत भएका थिए, त्यो के हो त? अझ सब्बथको औचित्य अझ पनि छ कि छैन भनेर त्यसले हामीलाई कसरी बताउँदछन्?**

"अब सिद्धिइयो!" (यूहन्ना १९:३०) भनेर हाम्रा मुक्तिदाताको हैशियतले येशू चिच्याइ सक्नुभएपछि त्यस दिनको बेलुकीपखदेखि उहाँले के गर्नुभयो?

सातौं दिनमा उहाँले बिश्राम लिनुभयो। हामीले कसरी थाहा पायौं त? जब छैठौं दिनको घाम डुव्यो तब उहाँ बिश्राम लिनुभयो। यहि प्रकारले परमेश्वरले पनि बिश्राम लिनुभएको थियो भनेर उत्पत्ति २:१-३मा लेखिएको छ। जब हस्राको सृष्टिको काम सकियो तब येशूले बिश्राम लिनभयो। अब मुक्तिको काम सम्पन्न भएपछि येशूले त्यहि काम गर्नुहुन्छ।

मानिसहरूलाई सातौं दिनको सब्बथबाट येशूले पन्छाउनुभयो भन्ने बिवादलाई ख्याल गर्नुभएको छ? सब्बथभरि चिहानमा रहेर त्यसको औचित्य येशूले देखाउनुभएकोले उहाँले सब्बथको औचित्य समाप्त गर्नुभयो भन्ने तर्कलाई अनौठो नै मान्नु पर्दछ। क्रुस पछि हस्राको सातौं दिनको पवित्र सब्बथ दिन पालन गर्ने निर्देशनलाई येशूले हटाइ सक्नुभयो भन्ने इसाईहरूको तर्कलाई मान्न येशू चिहानमा बिश्राम

लिनुभएको घट्नाले अझ जटिल बनाएको छ। यदि सब्वथको औचित्य समाप्त भयो र त्यसलाई पालन गर्नु आवश्यकता छैन भनेर येशूले देखाउनु भयो भने क्रुसको निर्मम यातना पछि सिधै स्वर्गमा नगएर चिहानमा किन बिश्राम लिनुभयो त?

त्यसकारण येशूले आफ्नो जीवनकाल भरि र मृत्यपछि पनि सब्बथको गरिमामय दिनलाई अत्यन्त महत्त्वपूर्ण स्थान दिनुभएको थियो र त्यो आदरणीय स्थान अझसम्म पनि जारी नै छ।

## उपसंहारः

थप जानकारी: "के सब्बथ दिन भयो भन्दैमा पृथ्वीलाई चाहिने न्यानो घामलाई परमेश्वरले नझुल्क्याइ दिनुहुन्छ र? के बिरुवालाई चाहिने घामको किरणलाई सब्बथ भयो भन्दैमा उहाँले छेकि दिनुहुन्छ र? के पवित्र दिन भयो भन्दैमा सौर्य मण्डललाई ठप्प पार्नुहुन्छ र? खेत र जङ्गललाई चाहिने नदिका पानीहरू सब्बथमा नबग्न परमेश्वरले आदेश दिनुहुन्छ र? निरन्तर रूपमा उठ्ने समुद्रका छालहरू के सब्बथमा उहाँले रोक्नुहुन्छ र? के गहुँ र मक्कै बढ्न रोक्नुपर्दछ र वा पाकेका अँगुरका झुप्पाहरू फुल्न रोक्नुपर्दछ र? सब्बथ भयो भन्दैमा के रुखहरू बढ्न दिनुहुन्न र वा फूलका कोपिलाहरु आउन दिनुहुन्न र?

"यदि ती कुराहरू भयो भने मानिसले पृथ्वीबाट पाउने फल गुमाउनेछन्। जीवनलाई रमाइलो गर्ने धर्तीका आशिषहरूबाट तिनीहरू बँचित हुनेछन्। प्रकृतिले आफ्नो नियमित कामहरू गरि रहनुपर्दछ। यदि परमेश्वर आफैले हामीले जस्तै एक छिन मात्र काम गर्न रोक्नु भयो भने मानिसहरू बेहोस हुनेछन् र मर्नेछन्। त्यसै गरि सब्बथमा पनि मानिसले काम गर्नु जरुरी छ। जीवनलाई निरन्तरता दिनुपर्दछ, बिरामीहरूको सेवा गरिनै रहनु पर्दछ, गरिबहरूको सहायत गर्न रोक्नु हुँदैन। सब्बथ दिनमा दुःख पाइरहेका मानिसलाई मद्दत गर्न मौको मिल्यो तर त्यसलाई वेवास्ता गऱ्यौं भने त्यसको दोष तपाईंमाथि थुपर्न सक्दछ। परमेश्वरको पवित्र बिश्रामबार मानिसको निम्ति बनाउनुभएको थियो। त्यस दिनमा दया र करुणा देखाउनु सब्बथ सम्मत हो। अरूको आवश्यकतामा संवेदनशील हुनु सब्बथको नियम उत्तम रूपमा पालन गर्नु हो। आफ्ना सृष्टिका कोहि जीवहरू सब्बथमा मात्र होइन

अरू कुनै दिनमा पनि दुःख पाउन् भन्ने परमेश्वरको चाहना होइन।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. २०७बाट रूपान्तरित।

**चिन्तनमननः**

क. सब्बथको दिनमा येशूले निको पार्नुभएको मा त्यस ताकाका धार्मिक अगुवाहरूको कठोरता र चिसोपनाको आलोचना गर्नु सजिलो छ। हो, येशूको दयालु कामलाई धर्मको निहुँमा उहाँमाथि आक्रमक निति ती धर्मीभिरूहरूले लिएका थिए। तिनीहरूको नितिलाई परमेश्वरले निश्चय नै न्याय गर्नुहुनेछ। फेरि त्यस बखत तिनीहरूको जुत्ता तपाईंले लगाएर उनीहरूको दृष्टिबाट येशूलाई हेर्नुहोस्। उनीहरूका मानव निर्मित रितिथिति वा रूढिबादी परम्परा धेरै वर्षसम्म चलिरहेका थिए। उनीहरूको निम्ति त्यो सनातनदेखि नै भनेर बहाना लगाउने ठाउँ थियो। सब्बथ पालन गर्न ती नियमहरू पालन गर्नुपर्छ भन्ने कुरामा तिनीहरू अत्यन्त विश्वस्त भएका थिए। उनीहरूको दृष्टिकोणमा येशूले सब्बथलाई उल्लङ्घन गरिरहनु भएको थियो। तर अहिले पनि कोहि तपाईंकहाँ आएर कसैले म सत्य इसाई हुँ, मलाई दर्शन भएको छ भनेर दावी गर्छन् तर चौथो आज्ञाप्रति उसले वेवास्ता गऱ्यौं भने इसाई भनेर दावी गर्ने त्यसप्रति तपाईंको मनस्थित कस्तो हुन्छ होला? उसको त्यो दावीलाई हामीले कसरी जवाफ दिने? मानव निर्मित परम्पराबाट सत्यलाई छुट्याउनुपर्छ भन्ने कुरालाई त्यस उदाहरणबाट हामीले कसरी महत्त्वपूर्ण कुरा सिक्नसक्दछौं?

**सारांशः** प्रभु येशू सातौं-दिन सब्बथको पनि प्रभु वा स्वामी हुनुहुन्छ। येशू ख्रीष्ट सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर देखाउने धरोहरको रूपमा खडा भएको अत्यन्त महान् आधारभूत स्मारक नै सब्बथ हो।